आज मितिः२०७८।०८।१५ गतेका दिन यस बाणगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मंगल प्रसाद थारु ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथी छलफल गरि निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | मंगल प्रसाद थारु | नगर प्रमुख | |
| २ | चक्रपाणी अर्याल | उप नगर प्रमुख | |
| ३ | बाल कुमारी पन्त | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | सन्तराम रौतार थारु | वडाध्यक्ष | |
| ६ | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | |
| ७ | भिष्मराज भुसाल | वडाध्यक्ष | |
| ८ | सुकदेव थारु | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | गुणानीधि भुसाल | वडाध्यक्ष | |
| ११ | धुव्र बेल्बासे | वडाध्यक्ष | |
| १२ | राम बिहारी चौधरी | वडाध्यक्ष | |
| १३ | सोमनाथ अर्याल | वडाध्यक्ष | |
| १४ | टिका कुमारी अधिकारी | सदस्य | |
| १५ | सरिता देवी ढकाल | सदस्य | |
| १६ | योगनाथ सुनार | सदस्य | |
| १७ | कृष्ण बहादुर वि.क. | सदस्य | |
| १८ | गिता भुसाल | सदस्य | |
| १९ | केशरा गुरुङ | सदस्य | |
| २० | सावित्रा थारु | सदस्य | |
| २१ | पूर्णकला सुनार | सदस्य | |
| २२ | वासुदेव खनाल | सचिव | |

बाणगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

मितिः २०७८।०८।१५

**कार्यपालिका बैठकका प्रस्तावहरु-**

१. नेपाल मध्यस्थता परिषद् (मध्यस्थकर्ता) काठमाण्डौ मा बुझाउनुपर्ने Fee सम्बन्धमा ।
२. एक्स-रे मेशिनको भुक्तानी सम्बन्धमा ।
३. मंसिर १५ गते सम्मको आय व्यय सम्बन्धमा ।
४. बाणगङ्गा नदी अन्तर्गत बनकसिया नाकाको ठेक्का मूल्याङ्कन सम्बन्धमा ।
५. नगरको लोगो सम्बन्धमा ।
६. एम्बुलेन्स सञ्चालन कार्यविधि संसोधन सम्बन्धमा ।
७. विविध

**निर्णयहरुः-**

**निर्णय नं. १**

नेपाल मध्यस्थता परिषद् र यस कार्यालय बीच भएको सम्झौता अनुसार मध्यस्थता वापत बुझाउनुपर्ने Fee रु.२,२१,०००।- कार्यालयबाट भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २**

गत आर्थिक वर्ष २०७७।०७८ मा बिनियोजित बजेट अन्तर्गत पिपरा अस्पतालको x-ray मेशिनको लागि ठेक्का प्रकृया भई कोरोना महामारीबाट सिर्जित लकडाउनका कारण समयमा उपलब्ध हुन नसकेकोले यस बाणगङ्गा नगर कार्यपालिकाको मितिः२०७८।०३।३० गतेको निर्णयानुसार असौज मसान्त सम्म म्याद थप गरिएको र सोही अनुसार पिपरा अस्पतालमा प्राप्त भई जडान कार्य समेत भएकोले सम्झौता अनुसारको रकम भुक्तानी उपलब्ध गराउने ।

**निर्णय नं. ३**

२०७८ कार्तिक मसान्त सम्म निम्नानुसार आय ब्यय भएकोले सोही अनुसार सार्वजनिक गर्ने ।

| आय | | | |
|---|---|---|---|
| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | मौज्दात |
| संघीय सरकार | ६५,०३,१०,००० | १५,३८,००,००० | ४९,६५,१०,००० |
| प्रदेश सरकार | ४,८२,२१,००० | ४८,३८,५०० | ४,३३,८२,५०० |
| राजस्व बाडफाड | २२,६७,६२,४८० | २,२४,०४,०४०.६३ | २०,४३,५८,४३९.३७ |
| अन्तरिक श्रोत | १२,७८,६९,६६० | १६,६६,०९,२९३.१५ | (३,८७,३९,६३३.१५) |
| ३२१२२ बैंक मौज्दात | ९,४१,०४,६६० | १४,२१,३०,४६९.१५ | (४,८०,२५,८०९.१५) |
| जनसहभागिता | २,५०,००,००० | १,५५,००० | २,४८,४५,००० |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | २,५०,००,००० | १,५५,००० | २,४८,४५,००० |
| जम्मा | १,०७,८१,६३,१४० | ३४,७८,०६,८३३.७८ | ७३,०३,५६,३०६.२२ |

| व्यय | | | | |
|---|---|---|---|---|
| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
| चालु | ६२,१२,८१,५१९ | १२,१७,८२,६४९.८२ | १९.६ | ४९,९४,९८,८६९.१८ |
| पूंजीगत | ४४,७०,७१,६२१ | २,२०,०५,६५० | ४.९२ | ४२,५०,६५,९७१ |
| सामाजिक सुरक्षा | २५,००,००,००० | ७,४९,६२,३७० | ३० | १७,५०,००,००० |
| जम्मा | १,३१,८३,५३,१४० | २१८७८८२९९.८२ | १७.४५ | १,०९,९५,६४,८४० |

**निर्णय नं. ४**

मिति २०७८।६।२५ को यस कार्यालयबाट प्रकाशित ठेक्का नम्बर २१।२०७८।७९ बाणगंगा खोला अन्तर्गत वनकसिया नाकाको १६,६७५ घन मिटर नदीजन्य पदार्थको न्यूनतम अंक रु. ७०,६०,९२८ अक्षरुपी सत्तरी लाख साठी हजार नौ सय अठ्ठाईस रुपैंया रहने गरि E-Bidding मार्फत प्रकाशन गरिएको आय ठेक्काको सूचनामा बाणगंगा नगरपालिका वडा नं. ११ हाल बाणगंगा नगरपालिका वडा नं. १ मन्द्रेली टोल निवासी प्रो. शंकर भाट क्षेत्री रहेको श्री शारदा स. मिल तथा फर्निचर उद्योगले सबै भन्दा बढी रकम रु. २,२८,४१,३१८ अक्षरुपी दुई करोड अठ्ठाईस लाख एक्चालिस हजार तीन सय अठार रुपैंया

भ्याट सहित बोल कबोल गरेको र मूल्यांकलन समितिबाट मूल्यांकन भै स्वीकृतिका लागि पेश हुन आएकोले शारदा स. मिल तथा फर्निचर उद्योगको बोल कबोल रकमलाई स्विकृत गरि निज सँग सो नदीजन्य पदार्थ उत्खनन र निकासीका लागि सम्झौता गर्न पत्राचार गर्ने ।

**निर्णय नं. ५**

नगरको आर्थिक, सामाजिक, संस्कृतिक, पर्यटन, पूर्वाधार लगाएतका विषयहरुलाई समेटी बाणगङ्गा नगरपालिकाको छुट्टै लोगो निर्माण गर्ने कार्यका लागि लोगो निर्माण गरी उपलब्ध गराउन सार्वजनिक सूचना प्रकासित गर्ने ।

**निर्णय नं. ६**

पूर्ण संस्थागत प्रसुती सेवा (No Home Delivery) प्रोत्साहनका लागि निःशुल्क एम्बुलेन्स सेवा संचालन कार्यविधि, २०७७ संसोधन गर्ने ।

**निर्णय नं. ७ विविधः**